- com.binance.dev, org.electrum.electrum Applications Installed गर्ने गरेको देखिन्छ। [Reference: Installed Application Report/Report.html/Google Play Application Details: Record ID: 43,45]
- Login रहेको Facebook Account Name: दिवाकर देउजा (ID: 100001661754367) र Facebook Account Name: Sanjaya Thapa (ID: 100001499023109) बिच 'eti nai raxa maile kam xaina vanera paile uninstall handeko thyee, Timle ta afai app banayera gareko thiyeu ta?, Lumira Coin - Free Mining Application - The Future of Crypto, Yo mine gara hai, New crypto' लगायतको ब्यहोराको Message आदन-प्रदान भएको देखिन्छ । [Reference: Chat Report.pdf, Page Number: 674]
- उक्त मोबाईल फोनसेटमा RDP को लागि com.anydesk.anydeskandroid, com.lenovo.anyshare.gps,com.microsoft.teams,com.teamviewer.teamviewer.market.mobi l e लगायतका Applications Installed गर्ने गरेको देखिन्छ। [Reference: Installed Application Report/Report.html/Google Play Application Details: Record ID: 33, 27, 41]

**प्रतिवादी दिवाकर देउजाको पोलिग्राफ परीक्षण प्रतिवेदन हेर्दा** Deception Indicated भन्ने व्यहोरा रहेको देखिन्छ।

**विद्युतीय खरिद प्रणाली (e-GP System)मा बोलपत्रदाताको e-bidding को वैधानिक प्रक्रियाः**
सार्वजनिक रुपमा प्रकासित सामाग्रीहरु (लिंकहरूः FAQ: https://www.bolpatra.gov.np/egp/faqAction Portal: https://www.bolpatra.gov.np/egp/) समेतबाट e-GP प्रणालीमा पहिलो चरणमा bidder ले User दर्ता (Registration) गर्नुपर्छ, जसपछि मात्र dashboard access र bid प्रक्रियामा भाग लिन सकिन्छ। दर्ता पूरा भएपछि user ले आफ्नो User ID (Alfresco ID) र password प्रयोग गरी system मा login गर्छ, र यही login बाट सबै bidding गतिविधि सञ्चालन हुन्छ। त्यसपछि bidder ले published bid notices हेरेर आफ्नो योग्यता अनुसार bid छनोट गर्छ, bid document डाउनलोड गरी आवश्यक कागजात तयार गर्छ र साथमा bid security (bank guarantee) पनि तयार गर्नुपर्छ। त्यस पछि तोकिएको प्रक्रिया अनुसार एक खाम विधि (Single Envelope) वा दुई खाम विधि (Double Envelope) प्रणाली प्रयोग गरी online bid submission गरिन्छ, जहाँ एक खाम विधिमा प्राविधिक (technical) र आर्थिक (financial) प्रस्ताव एउटैमा हुन्छ भने दुई खाम विधि (Double Envelope)मा बोलपत्रदाताले प्राविधिक (technical) र आर्थिक (financial) प्रस्ताव दुई अलग अलग खाममा राखी technical र financial छुट्टाछुट्टै upload गरिन्छ। तोकिएको मिति र समयमा system बाट bid खोलिन्छ, जसमा opening committee ले मात्र access पाउँछ। दुई खाम विधि (Double Envelope) को हकमा technical evaluation गरिन्छ, जसमा technical proposal को मूल्याङ्कन भई Technical Evaluation मा सफल भएका bidders मात्र अर्को चरणमा जान्छन्। यसरी Technically सफल सबै बोलपत्रदातालाई आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय उल्लेख गरी सो मिति र समयमा उपस्थित हुन सूचना दिइन्छ। Technical evaluation सफल भएका तथा नभएका सबै bidder technically सफल भएको/नभएको जानकारी गराइन्छ। Technical Evaluation मा सफल भएका bidder हरुको मात्र Financial Proposal खोलिन्छ तथा मुल्याङ्कन गरिन्छ जसमा

financial bid खोलेर मूल्य तुलना गरी lowest evaluated responsive bidder चयन गरिन्छ र अन्तिम मूल्याङ्कनको नतिजा (LOI) प्रकाशित गरिन्छ। LOI प्रकाशनपछि असन्तुष्ट bidder ले तोकिएको समयभित्र complaint/appeal दर्ता गर्न सक्छ, जुन system मार्फत पनि गर्न सकिन्छ। यदि LOI पछि ७ दिनभित्र कुनै complaint नआएमा LOA (Letter of Acceptance) चरणमा प्रवेश हुन्छ, जस अनुसार Letter of Acceptance (LOA) जारी हुन्छ, performance security पेश गर्नु पर्छ र अन्ततः contract sign हुन्छ। केही विशेष अवस्थामा म्याद थप भएको अवस्थामा समेत यो प्रक्रिया पुरा हुन ९० देखि १२० दिनसम्म हुन सक्छ।

प्रस्तुत मुद्दामा सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को सर्भर र e-GP प्रणालीमा भएको अनधिकृत पहुँच भएको संगठित साइबर अपराधको र अभौतिक मुद्राको कारोबारको वारदातमा PPMO को Fake Website Create गरी Virtual रुपमा limbujiban.sans@gmail.com बाट ९८२८८६१५५६ को WhatsApp नम्बर प्रयोग गरी e-Tender मा Bidding Document Submission गरेका ठेकदारहरुको विवरण PPMO को Server मा Unauthorized Access पुर्याई लिई ठेक्का पारिदिने Conversation गरी PPMO को जस्तै Fake Website देखाई ठेकदारहरुको विश्वास जिति PPMO कर्मचारी समेत हुँ भन्दै Cryptocurrency मार्फत आपराधिक लाभ लिई ह्याकर, ठेकदार समेतका व्यक्तिहरु Virtual रुपमा Organize भई सन् २०२३ देखि अनधिकृत पहुँच पु-याई आपराधिक लाभ लिई संगठित रुपमा ठेक्काहरु किनबेच गर्ने गरेको देखिन्छ।

वारदातमा प्राविधिक सिप र मानवीय भूमिका बीचको प्रत्यक्ष सम्बन्ध स्थापित भएको छ। धनकुटा स्थित नवराज न्यौपाने खत्रीको घरमा जडान गरिएको नेपाल टेलिकमको FTTH इन्टरनेट (IP: ११३.१९९.१४०.२४९ र ४९.२४४.१०९.१८८) बाट IMS Software को VPS सर्भरमा अनधिकृत पहुँच (RDP मार्फत) पुर्याइएको र सोही समयमा PPMO को गोप्य डेटा (Tender Bid Price/Documents) चोरी भएको लग (Log) बाट पुष्टि हुन्छ उक्त इन्टरनेट प्रतिवादी दिवाकर देउजाले PUDBC युजर नेम भएको सरकारी ल्यापटपबाट प्रयोग गर्ने गरेको तथ्य घरधनी र कार्यालय प्रमुखको कागज व्यहोरा समेतबाट पुष्टि हुन्छ।

साथै ठेकेदारहरूलाई 'जीवन लिम्बु' को नामबाट मोबाइल नम्बर (९८२८८६१५५६) र इमेल (limbujiban.sans@gmail.com) मार्फत सम्पर्क गरिएको छ। प्राविधिक विश्लेषणले उक्त सिमकार्ड भरत धामीको साथमा भएको सामसुङ मोबाइल (बरामद) को IMEI सँग मेल खाएको देखिन्छ, जसले डिजिटल सञ्चार र प्रतिवादीहरु बीचको भौतिक सम्बन्धलाई अकाट्य रूपमा जोड्दछ। साथै, प्रतिवादी सञ्जय भट्टले स्वीकार गरेको २३ लाख बराबरको बिटक्वाइन कारोबार र सो कार्यमा भाष्कर राज अर्यालले गरेको सहजीकरणले संगठित रुपमा प्रस्तुत कसूरजन्य कार्य सम्पन्न गर्ने गरेको देखिन्छ।

**प्रतिवादीहरुको संगठित रुपमा तहगत र संरचनात्मक भूमिका (Accused-wise Role Classification) हेर्दाः**

- **प्राविधिक कार्यान्वयनकर्ता (Technical Executor): प्रतिवादी दिवाकर देउजाः** सरकारी सेवामा कार्यरत कम्प्युटर अपरेटर- उनले आफ्नो प्राविधिक सीप (Programming, Cloud Server, PHP) को प्रयोग गरी IMS सर्भर ह्याक गर्ने र 'ब्याकडोर' (Backdoor) सिर्जना गर्ने मुख्य कार्य गरेका।
- **सञ्चार व्यवस्थापक (Communication Handler):** नक्कली पहिचान ("जीवन लिम्बु") खडा गरी ठेकेदारहरूसँग ह्वाट्सएप र इमेलमार्फत बार्गेनिङ गर्ने र ठेक्का मिलाइदिने प्रलोभन देखाउने कार्यमा सक्रिय भएको।
- **वित्तीय सहजकर्ता (Financial Facilitator):** प्रतिवादी भाष्कर राज अर्यालः कम्प्युटर इन्जिनियर, उनले बिटक्वाइन (Cryptocurrency) कारोबारका लागि अमेरिकामा रहेका साथी मार्फत भुक्तानी गर्ने र नेपालमा नगद मिलान गर्ने कार्यमा प्राविधिक र प्रक्रियागत सहजीकरण गरेका।
- **लाभग्राही (Beneficiary):** प्रतिवादीहरु अनधिकृत पहुँच पुऱ्याई गोप्य सूचना प्राप्त गरी सोको लाभ लिई निर्माण व्यवसायी ठेकेदार प्रतिवादीहरुको ठेक्का सुरक्षित गर्न रकम बुझाएको वा बुझाउने प्रयास गरेको र अन्य प्रतिवादी दिवाकर देउजा समेतले सो वापतको रकम प्राप्त गरेको सबै प्रतिवादीहरुले लाभ लिएको।

यसरी, पहिलो तह सर्भर इन्ट्रुजन (Server Intrusion)मा दिवाकर देउजाले IMS को VPS सर्भरमा छिरेर PPMO को e-GP पोर्टलमा पहुँच पुर्याउने 'म्यालिसियस कोड' (Malicious Code) र समानान्तर डेटाबेस इन्स्टल गर्ने दोस्रो तह डाटा मोनिटाइजेसन (Data Monetization)मा संचार व्यवस्थापकको भूमिकामा देखिएका (WhatsApp तथा Gmail User) ले चोरी गरिएका गोप्य विवरणहरू (Tender Bid Price) को आधारमा ठेकेदारहरूलाई सम्पर्क गरी रकम बार्गेनिङ गर्ने, अन्तिम तह अबैध वित्तीय प्रणाली (Illegal Financial System)मा अनुचित लाभको रकम ट्र्याक हुनबाट जोगाउन बिटक्वाइन र अमेरिकामा रहेका व्यक्तिहरूको प्रयोग गरी क्रिप्टो-करेन्सी मार्फत संगठित रूपमा कारोबार र आर्थिक लेनदेन गर्ने गरेको एउटा चक्र (Crime Cycle) साथ साथै ठेकदारहरुले ठेक्काको अनुचित लाभ प्राप्त गर्न उल्लेखित दोस्रो र पहिलो तहको भूमिकामा रहेर कार्य गर्ने व्यक्तिहरुलाई सम्पर्क गरेको दोहोरो चक्र पुरा गरेको देखिन्छ। यसबाट प्रस्तुत वारदात केवल व्यक्तिगत ह्याकिङ नभई, सरकारी खरिद प्रणालीको गोपनीयता भंग गरी राज्य र प्रतिस्पर्धात्मक बजारलाई हानी पुऱ्याउने गरी प्रतिवादीहरुले विद्युतीय माध्यमबाट अनधिकृत पहुँच पुऱ्याई, संगठित रुपमा अभौतिक मुद्राको कारोबार समेतको कसूर गरेको सप्रमाण पुष्टि हुन आयो।

**प्रतिवादीहरुको कसूरमा संलग्नता र प्रति व्यक्ति भूमिका हेर्दाः**

१) **प्रतिवादी दिवाकर देउजाको हकमाः** संगठित भूमिकामा मुख्य प्राविधिक कार्यान्वयनकर्ता (Lead Technical Executor) का रुपमा देखिएका यी प्रतिवादी दिवाकर देउजा सरकारी कर्मचारी रहेका। यी प्रतिवादीले आफ्नो प्राविधिक ज्ञान र पहुँचको दुरुपयोग गरी 'म्यालिसियस कोड', 'ब्याकडोर', Log, "PUDBC" डिभाइस र RDP मार्फत IP Address ११३.१९९.१४०.२४९ र

४९.२४४.१०९.१८८ बाट IMS VPS Server (४५.११५.२१९.८६) तथा PPMO को e-GP प्रणालीमा अनधिकृत प्रवेश गरी, आफू र आफ्नो संगठित समूह अनुकूल प्रणालीलाई प्रयोग गरी संगठित संरचनामा वित्तीय सहजकर्ता र लाभग्राहीको भूमिकामा रहेका व्यक्तिहरुबाट लाभ प्राप्त गरेको। साथै सो लाभ अभौतिक मुद्रामा कारोबार गरी सो मुद्रा Bitcoin USD २०,००० संचित गरेबाट निजले विद्युतीय कारोवार ऐन, २०६३ को **दफा ४५ र दफा ४६** बमोजिमको कसूर, साथै मुलुकी अपराध संहिता, २०७४ को दफा **२६२क** बमोजिमको कसूर, साथै संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१) र (२) र दफा ५ बमोजिमको कसूर गरेको पुष्टि हुन आयो।

साथै यीनै प्रतिवादी दिवाकर देउजा प्रतिवादी भएको विद्युतीय कारोवार ऐन अन्तर्गतको कसूर मुद्दा नं.०७७-C२-०००७ मा यी प्रतिवादी दिवाकर देउजालाई *"विद्युतीय (इलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ४४ वमोजिम रु२०,०००।–ऐ.दफा ४५ वमोजिम रु २०,०००।– र ऐ.दफा ४६ वमोजिम रु२०,०००।– समेत जम्मा रु६०,०००।– जरिवाना सजाय हुने र फौजदारी कसुर(सजाय निर्धारण तथा कार्यान्वियन) ऐन २०७४ को दफा १५(२)(ङ) वमोजिम उल्लेखित कसुरमा भएको सजायको डेढी सजाय गर्नु पर्ने हुँदा उल्लेखित जम्मा जरिवाना रु ६०,०००।–(साठी हजार) को डेढीले हुने जम्मा रु९०,०००।–(नब्बे हजार) जरिवाना हुने ठहर्छ।* भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७८।०१।०८ मा फैसला भएको फैसलाको प्रतिलिपीबाट देखिएको हुँदा निज प्रतिवादी दिवाकर देउजाले मुलुकी अपराध संहिता, २०७४ को दफा ४४ बमोजिम पटक पटक कसूर गरेको समेत पुष्टि हुन आयो।

२) **प्रतिवादी भरत धामीको हकमाः** कसूरमा प्रयोग भएको WhatsApp मोबाइल नं. ९८२८८६१५५६ प्रतिवादी भरत धामीको साथबाट बरामद भएको विद्युतीय सामाग्रीमा प्रयोग भएको, सो कुराको निज प्रतिवादीले स्वीकार समेत गरेको, उक्त मोबाईल नंबरको WhatsApp बाट ठेकदारहरु प्रतिवादी सागर कटुवाल, सन्जय भट्ट समेतलाई ठेक्का पार्न र अभौतिक मुद्राको कारोबारको लागि कुराकानी भएको हालसम्मको मिसिल संलग्न तथ्यहरूबाट खुल्न आएको देखिन आई निज प्रतिबादीले विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४५ र दफा ४६ बमोजिमको कसूर, साथै मुलुकी अपराध संहिता, २०७४ को दफा २६२क बमोजिमको कसूर, साथै संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१) र (२) र दफा ५ बमोजिमको कसूर गरेको पुष्टि हुन आयो।

३) **प्रतिवादी भाष्कर राज अर्यालको हकमाः** संगठित संरचनामा वित्तीय सहजकर्ता (Financial Facilitator) को भूमिकामा देखिएका निज भाष्कर राज अर्यालले निर्माण व्यवसायी ठेकेदार प्रतिबादी सञ्जय भट्टको निर्देशनमा २३ लाख बराबरको Bitcoin कारोबार सहजीकरण गरेको, WhatsApp र अडियो प्रमाणहरूबाट निजले विदेश(USA)बाट BTC पठाई नेपालमा नगद मिलान गरेको देखिएकोले मुलुकी अपराध संहिता, २०७४ को दफा २६२क बमोजिमको कसूर, साथै

संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१) र (२) र दफा ५ बमोजिमको कसूर गरेको पुष्टि हुन आयो।

४) **प्रतिवादी सञ्जय भट्टको हकमाः** सोलि थुम्का निर्माण सेवा प्रा.लि. का सञ्चालक बोलपत्रदाता (Bidder) निज प्रतिवादी सञ्जय भट्टले PPMO Username "Sanjay" Identity र सम्बन्धित Password को दुरुपयोग गर्दै प्रतिवादी दिवाकर देउजाले सेटअप गरेको PPMO Server को Parallel Server मार्फत PPMO Server अर्थात IMS Software Pvt Ltd बाट PPMO लाई प्रदान गरेको VPS Server मा अनधिकृत प्रबेश पछी आफ्नो हकमा "Award of Contract" वा "Bid Award" प्राप्त गर्न Bid सम्बन्धि अध्यावधिक गोप्य कागजात विवरणको जानकारी लिई Bid Submission Deadline पछी पनि आफूले भाग लिएको Tender ID २६६६४८ र २६६६५९ मा Financial Document परिवर्तन गरेको देखिन आएको र सो कार्य वापत Lead Technical Executor दिवाकर देउजा र असूलीकर्ता (WhatsApp Gmail प्रयोगकर्ता) लाई Bitcoin भुक्तानी दिन प्रतिवादी भाष्करराज अर्याललाई लगाएको देखिन आई यी प्रतिवादीले विद्युतीय कारोवार ऐन, २०६३ को दफा ४५ र दफा ४६ बमोजिमको कसूर, साथै मुलुकी अपराध संहिता, २०७४ को दफा २६२क बमोजिमको कसूर, साथै संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१) र (२) र दफा ५ बमोजिमको कसूर गरेको पुष्टि हुन आयो।

५) **प्रतिवादी सागर कटुवालको हकमाः** हाम्रो कटुवाल कन्स्ट्रक्सन/ शिबओम सप्लायर्सका सञ्चालक बोलपत्रदाता निज प्रतिवादी सागर कटुवालले PPMO Username "katuwalconst" Identity तथा सम्बन्धित Password को दुरुपयोग गर्दै प्रतिवादी दिवाकर देउजाले सेटअप गरेको PPMO Server को Parallel Server मार्फत PPMO Server (IMS Software Pvt. Ltd. बाट प्रदान गरिएको VPS Server) मा अनधिकृत प्रवेश गरी "Bid Award" प्राप्त गर्ने उद्देश्यले Bid सम्बन्धी गोप्य कागजातको जानकारी लिई Bid Submission Deadline पछी आफूले भाग लिएको Tender ID २६५३०२ मा Financial Document परिवर्तन गरेको देखिन आएको र Unauthorized Access गराईदिए वापत Bitcoin मार्फत भुक्तानीका लागि Link, QR प्रयोग गरेको देखिनएकोले यी प्रतिवादीले विद्युतीय कारोवार ऐन, २०६३ को दफा ४५ बमोजिमको कसूर, साथै मुलुकी अपराध संहिता, २०७४ को दफा २६२क बमोजिमको कसूर, साथै संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१) र (२) र दफा ५ बमोजिमको कसूर गरेको पुष्टि हुन आयो।

६) **प्रतिवादी जीवन कुमार दासको हकमाः** गिताञ्जली कन्स्ट्रक्सन प्रा.लि.का संचालक निज जीवन कुमार दासले PPMO Log in Username "geetanjali" र आफूले पाएको Password दुरुपयोग गरी प्रतिवादी दिवाकर देउजाले सेटअप गरेको PPMO Server को Parallel Server मार्फत PPMO Server अर्थात IMS Software Pvt Ltd बाट PPMO लाई प्रदान गरेको VPS Server मा अनधिकृत प्रबेश पछी आफ्नो हकमा "Award of Contract" वा "Bid Award" प्राप्त गर्न Bid सम्बन्धि अध्यावधिक गोप्य कागजात विवरणको जानकारी लिई Bid Submission Deadline पछी पनि आफूले भाग लिएको Tender ID २६४९४७ मा Financial Document परिवर्तन गरेको देखिन

आई अनधिकृत पहुँच पुर्‍याएको, IMS Server को Manage Payment टेबलमा ०.६८२० BTC सफल कारोबार (OK) अभिलेख समेतको Log अभिलेख विवरणबाट निजको अभौतिक मुद्राको कारोबार गरेको देखिएको हुँदा निज प्रतिवादी विद्युतीय कारोवार ऐन, २०६३ को दफा ४५ बमोजिमको कसूर, साथै मुलुकी अपराध संहिता, २०७४ को दफा २६२क बमोजिमको कसूर, साथै संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१) र (२) र दफा ५ बमोजिमको कसूर गरेको पुष्टि हुन आयो।

७) **प्रतिवादी अनिल श्रेष्ठको हकमाः** सिभांश निर्माण सेवाका संचालक तथा बोलपत्रदाता अनिल श्रेष्ठले PPMO Username "precision" र निजको मात्र जानकारीमा रहने Password प्रयोग गरी प्रतिवादी दिवाकर देउजाले सेटअप गरेको PPMO Server को Parallel Server मार्फत PPMO Server अर्थात IMS Software Pvt Ltd बाट PPMO लाई प्रदान गरेको VPS Server मा अनधिकृत प्रबेश पछी आफ्नो हकमा "Award of Contract" वा "Bid Award" प्राप्त गर्न Bid सम्बन्धि अध्यावधिक गोप्य कागजात विवरणको जानकारी लिई Bid Submission Deadline पछी पनि आफूले भाग लिएको Tender ID २५०७२८ मा Financial Document परिवर्तन गरेको देखिन आई अनधिकृत पहुँच पुर्‍याएको, IMS Server को Manage Payment टेबलमा ०.०१६१ BTC सफल कारोबार (OK) अभिलेख समेतको Log अभिलेख विवरणबाट निजको अभौतिक मुद्राको कारोबारमा संलग्नता देखिएको हुँदा निज प्रतिवादीले विद्युतीय कारोवार ऐन, २०६३ को दफा ४५ बमोजिमको कसूर, साथै मुलुकी अपराध संहिता, २०७४ को दफा २६२क बमोजिमको कसूर, साथै संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१) र (२) र दफा ५ बमोजिमको कसूर गरेको पुष्टि हुन आयो।

८) **प्रतिवादी कृष्ण बहादुर खत्रीको हकमाः** Nidhi Construction Pvt Ltd का संचालक तथा बोलपत्रदाता निज कृष्ण बहादुर खत्रीले Username "uconstruction" को दुरुपयोग गरी प्रतिवादी दिवाकर देउजाले सेटअप गरेको PPMO Server को Parallel Server मार्फत PPMO Server अर्थात IMS Software Pvt Ltd बाट PPMO लाई प्रदान गरेको VPS Server मा अनधिकृत प्रबेश पछी आफ्नो हकमा "Award of Contract" वा "Bid Award" प्राप्त गर्न Bid सम्बन्धि अध्यावधिक गोप्य कागजात विवरणको जानकारी लिई Bid Submission Deadline पछी पनि आफूले भाग लिएको Tender ID २६५९०२ मा Financial Document परिवर्तन गरेको देखिएकोले निज प्रतिवादीले विद्युतीय कारोवार ऐन, २०६३ को दफा ४५ र दफा ४६ बमोजिमको कसूर, साथै मुलुकी अपराध संहिता, २०७४ को दफा २६२क बमोजिमको कसूर, साथै संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१) र (२) र दफा ५ बमोजिमको कसूर गरेको पुष्टि हुन आयो।

९) **प्रतिवादी टंक कुमार श्रेष्ठको हकमाः** भिसान कन्स्ट्रक्सन प्रा लि का संचालक तथा बोलपत्रदाता निज टंक कुमार श्रेष्ठले प्रतिवादी सरोज दाहाल समेतको मिलोमतोमा Username "vishancons" र निजले मात्र थाहा पाएको Password को दुरुपयोग गरी प्रतिवादी दिवाकर देउजाले सेटअप

गरेको PPMO Server को Parallel Server मार्फत PPMO Server अर्थात IMS Software Pvt Ltd बाट PPMO लाई प्रदान गरेको VPS Server मा अनधिकृत प्रबेश पछी आफ्नो हकमा "Award of Contract" वा "Bid Award" प्राप्त गर्न Bid सम्बन्धि अध्यावधिक गोप्य कागजात विवरणको जानकारी लिई Bid Submission Deadline पछी पनि आफूले भाग लिएको Tender IDs २६६५७९, २६६७७२, २४१२३५ मा Financial Document परिवर्तन गरेको देखिन आई अनधिकृत पहुँच पुर्‍याएको देखिएकोल निज प्रतिवादीले विद्युतीय कारोवार ऐन, २०६३ को दफा ४५ र दफा ४६ बमोजिमको कसूर पुष्टि हुन आयो।

१०) **प्रतिवादी अमृत बोहराको हकमाः** चपुर निर्माण सेवाका संचालक तथा बोलपत्रदाता यी प्रतिवादी अमृत बोहराले PPMO Username "chapur" को दुरुपयोग गरी प्रतिवादी दिवाकर देउजाले सेटअप गरेको PPMO Server को Parallel Server मार्फत PPMO Server अर्थात IMS Software Pvt Ltd बाट PPMO लाई प्रदान गरेको VPS Server मा अनधिकृत प्रबेश पछी आफ्नो हकमा "Award of Contract" वा "Bid Award" प्राप्त गर्न Bid सम्बन्धि अध्यावधिक गोप्य कागजात विवरणको जानकारी लिई Bid Submission Deadline पछी पनि आफूले भाग लिएको Tender ID २६६६३७ मा लगायतमा अनधिकृत पहुँच पुर्‍याई Financial Document परिवर्तन गरेको देखिएकोले निज प्रतिवादीले विद्युतीय कारोवार ऐन, २०६३ को दफा ४५ र दफा ४६ बमोजिमको कसूर पुष्टि हुन आयो।

११) **प्रतिवादी बिक्रम पाण्डेको हकमाः** कालिका कन्स्ट्रक्सन प्रा लि का संचालक तथा बोलपत्रदाता बिक्रम पाण्डेले Username "kalikac" दुरुपयोग गरी प्रतिवादी दिवाकर देउजाले सेटअप गरेको PPMO Server को Parallel Server मार्फत PPMO Server अर्थात IMS Software Pvt Ltd बाट PPMO लाई प्रदान गरेको VPS Server मा अनधिकृत प्रबेश पछी आफ्नो हकमा "Award of Contract" वा "Bid Award" प्राप्त गर्न Bid सम्बन्धि अध्यावधिक गोप्य कागजात विवरणको जानकारी लिई Bid Submission Deadline पछी पनि आफूले भाग लिएको Tender ID २६५३७५ मा deadline पछि Financial Document परिवर्तन गरी ६७ करोडलाई ६० करोडमा घटाएको देखिन आई निज निज प्रतिवादीले विद्युतीय कारोवार ऐन, २०६३ को दफा ४५ र दफा ४६ बमोजिमको कसूर पुष्टि हुन आयो।

१२) **प्रतिवादी स्वदेश पोखरेलको हकमाः** Incon Pvt. Ltd. का संचालक तथा बोलपत्रदाता निज स्वदेश पोखरेलले PPMO Username "swadesh२४" दुरुपयोग गरी प्रतिवादी दिवाकर देउजाले सेटअप गरेको PPMO Server को Parallel Server मार्फत PPMO Server अर्थात IMS Software Pvt Ltd बाट PPMO लाई प्रदान गरेको VPS Server मा अनधिकृत प्रबेश पछी आफ्नो हकमा "Award of Contract" वा "Bid Award" प्राप्त गर्न Bid सम्बन्धि अध्यावधिक गोप्य कागजात विवरणको जानकारी लिई Bid Submission Deadline पछी पनि आफूले भाग लिएको Tender IDs २६५३०१, २६५८५३, २६६९०० मा अनधिकृत पहुँच पुर्‍याई Financial Document परिवर्तन गरी परिवर्तित New Doc ID ८५५११३७६ को सो कागजातमा discount rate ०.०२५ बाट

०.००५ मा बढाएको देखिएकोले निज प्रतिवादीले विद्युतीय कारोवार ऐन, २०६३ को दफा ४५ र दफा ४६ बमोजिमको कसूर पुष्टि हुन आयो।

१३) **प्रतिवादी प्रकाश ढुङ्गानाको हकमाः** कल्पवृक्ष बिल्डर्सका संचालक तथा बोलपत्रदाता निज प्रकाश ढुङ्गानाले PPMO Username “prakashdhungana” को दुरुपयोग गरी प्रतिवादी दिवाकर देउजाले सेटअप गरेको PPMO Server को Parallel Server मार्फत PPMO Server अर्थात IMS Software Pvt Ltd बाट PPMO लाई प्रदान गरेको VPS Server मा अनधिकृत प्रबेश पछी आफ्नो हकमा “Award of Contract” वा “Bid Award” प्राप्त गर्न Bid सम्बन्धि अध्यावधिक गोप्य कागजात विवरणको जानकारी लिई Bid Submission Deadline पछी पनि आफूले भाग लिएको Tender ID २६१४५३ मा deadline पछि २१% discount लाई २४% मा परिवर्तन गरेको देखिएकोले निज प्रतिवादीले विद्युतीय कारोवार ऐन, २०६३ को दफा ४५ र दफा ४६ बमोजिमको कसूर पुष्टि हुन आयो।

१४) **प्रतिवादी ऋषिकेश गौलीको हकमाः** आशिष निर्माण सेवाका संचालक तथा बोलपत्रदाता निज ऋषिकेश गौलीले प्रतिवादी ज्योति सुवेदी समेतको मिलोमतोमा PPMO Username “ashishnirmansewa” को दुरुपयोग गरी प्रतिवादी दिवाकर देउजाले सेटअप गरेको PPMO Server को Parallel Server मार्फत PPMO Server अर्थात IMS Software Pvt Ltd बाट PPMO लाई प्रदान गरेको VPS Server मा अनधिकृत प्रबेश पछी आफ्नो हकमा “Award of Contract” वा “Bid Award” प्राप्त गर्न Bid सम्बन्धि अध्यावधिक गोप्य कागजात विवरणको जानकारी लिई Bid Submission Deadline पछी पनि आफूले भाग लिएको Tender IDs २६२६६४, २६२६६७, २६२६६९ मा Financial Document परिवर्तन गरेको देखिएकोले निज प्रतिवादीले विद्युतीय कारोवार ऐन, २०६३ को दफा ४५ र दफा ४६ बमोजिमको कसूर पुष्टि हुन आयो।

१५) **प्रतिवादी राहुल जङ्ग कार्कीको हकमाः** KBK Construction का संचालक तथा बोलपत्रदाता निज राहुल जङ्ग कार्कीले Username “kbk_construction” को दुरुपयोग गरी प्रतिवादी दिवाकर देउजाले सेटअप गरेको PPMO Server को Parallel Server मार्फत PPMO Server अर्थात IMS Software Pvt Ltd बाट PPMO लाई प्रदान गरेको VPS Server मा अनधिकृत प्रबेश पछी आफ्नो हकमा “Award of Contract” वा “Bid Award” प्राप्त गर्न Bid सम्बन्धि अध्यावधिक गोप्य कागजात विवरणको जानकारी लिई Bid Submission Deadline पछी पनि आफूले भाग लिएको Tender ID २७२७२५ मा New Doc ID ८६६३२८७२ मार्फत Financial Document परिवर्तन गरेको देखिएकोले निज प्रतिवादीले विद्युतीय कारोवार ऐन, २०६३ को दफा ४५ र दफा ४६ बमोजिमको कसूर पुष्टि हुन आयो।

१६) **प्रतिवादी नारायण प्रसाद सिटीखुको हकमाः** Maan Construction का संचालक तथा बोलपत्रदाता यी प्रतिवादी नारायण प्रसाद सिटीखुले Username “maan२०२०” को दुरुपयोग गरी प्रतिवादी दिवाकर देउजाले सेटअप गरेको PPMO Server को Parallel Server मार्फत PPMO Server अर्थात IMS Software Pvt Ltd बाट PPMO लाई प्रदान गरेको VPS Server मा अनधिकृत प्रबेश पछी

आफ्नो हकमा "Award of Contract" वा "Bid Award" प्राप्त गर्न Bid सम्बन्धि अध्यावधिक गोप्य कागजात विवरणको जानकारी लिई Bid Submission Deadline पछी पनि आफूले भाग लिएको Tender ID २६२६९६ मा discount ०.०५ बाट ०.१३५ मा New Doc ID ८६०२३७६५ बनाएको देखिएकोले निज प्रतिवादीले विद्युतीय कारोवार ऐन, २०६३ को दफा ४५ र दफा ४६ बमोजिमको कसूर पुष्टि हुन आयो।

१७) **प्रतिवादी ईन्द्र बहादुर बोहराको हकमाः** Ramita Infrastructure का संचालक तथा बोलपत्रदाता निज ईन्द्र बहादुर बोहराले Username "Ramitainfra२०७१" को दुरुपयोग गरी प्रतिवादी दिवाकर देउजाले सेटअप गरेको PPMO Server को Parallel Server मार्फत PPMO Server अर्थात IMS Software Pvt Ltd बाट PPMO लाई प्रदान गरेको VPS Server मा अनधिकृत प्रबेश पछी आफ्नो हकमा "Award of Contract" वा "Bid Award" प्राप्त गर्न Bid सम्बन्धि अध्यावधिक गोप्य कागजात विवरणको जानकारी लिई Bid Submission Deadline पछी पनि आफूले भाग लिएको Tender ID २६५३०० मा Financial Document परिवर्तन गरेको देखिएकोले निज प्रतिवादीले विद्युतीय कारोवार ऐन, २०६३ को दफा ४५ र दफा ४६ बमोजिमको कसूर पुष्टि हुन आयो।

१८) **प्रतिवादी शान्त कुमार श्रेष्ठको हकमाः** SK Construction का संचालक तथा बोलपत्रदाता निज शान्त कुमार श्रेष्ठले Username "skc१००" को दुरुपयोग गरी प्रतिवादी दिवाकर देउजाले सेटअप गरेको PPMO Server को Parallel Server मार्फत PPMO Server अर्थात IMS Software Pvt Ltd बाट PPMO लाई प्रदान गरेको VPS Server मा अनधिकृत प्रबेश पछी आफ्नो हकमा "Award of Contract" वा "Bid Award" प्राप्त गर्न Bid सम्बन्धि अध्यावधिक गोप्य कागजात विवरणको जानकारी लिई Bid Submission Deadline पछी पनि आफूले भाग लिएको Tender ID २६६५७७ मा New Doc ID ८६९००७७१ को Financial Document परिवर्तन गरेको देखिएकोले निज प्रतिवादीले विद्युतीय कारोवार ऐन, २०६३ को दफा ४५ र दफा ४६ बमोजिमको कसूर पुष्टि हुन आयो।

१९) **प्रतिवादी निरन्जन खनालको हकमाः** दक्षिणकाली कन्स्ट्रक्सनका संचालक तथा बोलपत्रदाता निज निरन्जन खनालले Username "shyam९८५११२०१७६" को दुरुपयोग गरी प्रतिवादी दिवाकर देउजाले सेटअप गरेको PPMO Server को Parallel Server मार्फत PPMO Server अर्थात IMS Software Pvt Ltd बाट PPMO लाई प्रदान गरेको VPS Server मा अनधिकृत प्रबेश पछी आफ्नो हकमा "Award of Contract" वा "Bid Award" प्राप्त गर्न Bid सम्बन्धि अध्यावधिक गोप्य कागजात विवरणको जानकारी लिई Bid Submission Deadline पछी पनि आफूले भाग लिएको Tender ID २६६७७८ मा Financial Document परिवर्तन गरेको देखिएकोले निज प्रतिवादीले विद्युतीय कारोवार ऐन, २०६३ को दफा ४५ र दफा ४६ बमोजिमको कसूर पुष्टि हुन आयो।

२०) **प्रतिवादी ज्योति सुबेदीको हकमाः** प्रतिवादी ज्योति सुबेदीले आशिष निर्माण सेवाका संचालक तथा बोलपत्रदाता प्रतिवादी ऋषिकेश गौलीको निर्देशन र मिलोमतोमा सो कम्पनीको तर्फबाट PPMO Username "ashishnirmansewa" को दुरुपयोग गरी प्रतिवादी दिवाकर देउजाले सेटअप गरेको

PPMO Server को Parallel Server मार्फत PPMO Server अर्थात IMS Software Pvt Ltd बाट PPMO लाई प्रदान गरेको VPS Server मा अनधिकृत प्रबेश पछी आफ्नो हकमा "Award of Contract" वा "Bid Award" प्राप्त गर्न Bid सम्बन्धि अध्यावधिक गोप्य कागजात विवरणको जानकारी लिई Bid Submission Deadline पछी पनि आफूले भाग लिएको Tender IDs २६२६६४, २६२६६७, २६२६६९ मा Financial Document परिवर्तन गरेको देखिएकोले निज प्रतिवादीले विद्युतीय कारोवार ऐन, २०६३ को दफा ४५ र दफा ४६ बमोजिमको कसूर पुष्टि हुन आयो।

२१) **प्रतिवादी सरोज दाहालको हकमाः** प्रतिवादी टंक कुमार श्रेष्ठको बयान पोलबाट खुल्न आएका भिसान कन्स्ट्रक्सन प्रा लि मा कार्यरत निज प्रतिवादी सरोज दाहालले Username "vishancons" र सो को Password को दुरुपयोग गरी प्रतिवादी दिवाकर देउजाले सेटअप गरेको PPMO Server को Parallel Server मार्फत PPMO Server अर्थात IMS Software Pvt Ltd बाट PPMO लाई प्रदान गरेको VPS Server मा अनधिकृत प्रबेश पछी आफ्नो हकमा "Award of Contract" वा "Bid Award" प्राप्त गर्न Bid सम्बन्धि अध्यावधिक गोप्य कागजात विवरणको जानकारी लिई Bid Submission Deadline पछी पनि आफूले भाग लिएको Tender IDs २६६५७९, २६६७७२, २४१२३५ मा Financial Document परिवर्तन गरेको देखिएकोले निज प्रतिवादीले विद्युतीय कारोवार ऐन, २०६३ को दफा ४५ र दफा ४६ बमोजिमको कसूर पुष्टि हुन आयो।

२२) **प्रतिवादी सुजन अधिकारीः** Rising Peak Construction Pvt Ltd का संचालक तथा बोलपत्रदाता प्रतिवादी सुजन अधिकारीले PPMO Username Registration Identity को दुरुपयोग गरी प्रतिवादी दिवाकर देउजाले सेटअप गरेको PPMO Server को Parallel Server मार्फत PPMO Server अर्थात IMS Software Pvt Ltd बाट PPMO लाई प्रदान गरेको VPS Server मा अनधिकृत प्रबेश पछी आफ्नो हकमा "Award of Contract" वा "Bid Award" प्राप्त गर्न Bid सम्बन्धि अध्यावधिक गोप्य कागजात विवरणको जानकारी लिई Bid Submission Deadline पछी पनि आफूले भाग लिएको Tender ID २६८९१७ मा Financial Document परिवर्तन गरेको देखिएकोले निज प्रतिवादीले विद्युतीय कारोवार ऐन, २०६३ को दफा ४५ र दफा ४६ बमोजिमको कसूर पुष्टि हुन आयो।

**अभियुक्तलाई हुनुपर्ने सजायः**

अतः प्रस्तुत कसूरमा संलग्न प्रतिबादीहरु मध्ये **दिवाकर देउजा, संजय भट्ट, भरत धामी, भाष्करराज अर्याल, सागर कटुवाल, जिवन कुमार दास, अनिल श्रेष्ठ, टंक कुमार श्रेष्ठ, अमृत बोहोरा, विक्रम पाण्डे, स्वदेश पोखरेल, प्रकाश ढुंगाना, ऋषिकेष गौली, राहुल जंग कार्की, नारायण प्रसाद मिटिखु, ईन्द्र बहादुर बोहोरा, शान्त कुमार श्रेष्ठ, निरन्जन खनाल, कृष्ण बहादुर खत्री, ज्योति सुवेदी, सरोज दाहाल र सुजन अधिकारी**लाई विद्युतीय कारोवार ऐन, २०६३ को दफा ४५ र दफा ४६ बमोजिमको कसूरमा निज प्रतिवादीहरुलाई सोही ऐनको दफा ४५ र दफा ४६ बमोजिम सजाय गरिपाउन,

साथै अभौतिक मुद्राको कसूरतर्फ प्रतिबादीहरु **दिवाकर देउजा, संजय भट्ट, भरत धामी, भाष्कर राज अर्याल, सागर कटुवाल, जिवन कुमार दास, अनिल श्रेष्ठ, कृष्ण बहादुर खत्री**लाई मुलुक अपराध